# जातीय विभेद विरुद्ध विश्व सम्मेलन - २०००, राष्ट्रिय तयारी समिति, नेपाल

**पत्रकार भेटघाट कार्यक्रम**

२२ जुन २००१

प्रेस विज्ञप्ती

संयुक्त राष्ट्र संघको आह्वानमा "जातीय विभेदलाई परास्त गरौं र समानता, न्याय र आत्मसम्मान कायम गरौं" भन्ने नारा सहित यसै बर्ष २००१ अगष्ट २८ देखि सेप्टेम्वर ७ सम्म दक्षिण अफ्रिकाको दरवान शहरमा आयोजना भइरहेको जातीय विभेद विरुद्ध विश्व तेस्रो विश्व सम्मेलनका तयारीका सन्दर्भमा नेपाली नागरिक समाजका तर्फबाट पनि आफ्नो समाजको सम्वन्धित समस्यालाई विश्व सामू प्रस्तुत गर्ने र अन्तरराष्ट्रिय मान्यता अनुसार तीनका सही समाधान पहिचान गर्ने प्रयत्न स्वरुप जातीय विभेद विरुद्ध विश्व सम्मेलन - २००० , राष्ट्रिय तयारी समिति,नेपालद्वारा आजसम्म आइपुग्दा राष्ट्रिय र अन्तरराष्ट्रिय मञ्चहरुमा सकारात्मक तथा प्रभावकारी भूमिका खेल्न पाएको सम्वन्धमा प्रेस जगत समक्ष सहर्ष जानकारी गराउन चाहान्छौं ।

नेपाल संयुक्त राष्ट्रसंघ जस्तो अन्तरराष्ट्रिय अभियानमा आवद्ध भएको झण्डै पाँच दशक वितिसक्दा पनि राज्यको तर्फबाट ती मञ्चहरुमा के कस्तो भूमिका निभाउने काम गरे वा गरेन भन्ने सम्वन्धमा नागरिक समाज प्रति उत्तरदायित्व वोध गरी त्यसका सम्वन्धमा पारदर्शिताको नीति अपनाउने प्रयास अहिले सम्म कहिल्यै भएन । जातीय विभेद विरुद्धको अन्तरराष्ट्रिय अभियानको सन्दर्भमा राष्ट्र संघद्वारा सबै प्रकारका जातीय विभेद निर्मूलन अन्तरराष्ट्रिय महासन्धी - १९६५ मा पारित गरिएको त्यस प्रति नेपालद्वारा १९७१ मा लागू गर्ने गरी प्रतिवद्धता समेत जारी गरिएको भएता पनि त्यस मामिलामा संयुक्त राष्ट्रसंघमा श्री ५ को सरकारको भूमिका कस्तो रह्यो भन्ने सवालमा नेपाली जनतालाई आजसम्म कुनै जानकारी छैन । यसै महासन्धी अन्तर्गत यस बर्ष जातीय विभेद विरुद्ध विश्व तेस्रो विश्व सम्मेलन हुन गइरहेको अवसरमा पनि श्री ५ को सरकारको भूमिका त्यतिकै उदासिन रहेको छ । यस्तोमा नेपालका दलित, आदिवासी, भाषाभाषी , मधिसे, मुसलमान, कमैया, गोरखा भूतपूर्व सैनिक, अल्पसंख्यक धार्मिक समुदाय, अप्रवासी / शरणार्थी समुदाय तथा चेलीबेटी बेचविखनबाट पीडितहरुका सामुहिक प्रतिनिधिमूलक संलग्नतामा यस राष्ट्रिय तयारी समितिको गठन पश्चात क्षेत्रीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा निरन्तर क्रियाशिल हुँदै नेपाली समाजमा विद्यमान जातीय विभेदका विभिन्न स्वरुपका समस्याका सम्वन्धमा संचेतना जगाउने र तीनका समाधानका उपायहरुको पहिचान गर्ने ठोस कार्यहरु गरेको छ । यी प्रयासहरुबाट जातीय विभेद विरुद्ध हाम्रा आन्दोलनलाई पहिलो पटक नागरिक समाजका तर्फबाट अन्तरराष्ट्रिय स्तरसम्म पुर्‍याउनमा प्रभावकारी परिणाम ल्याउन सफल भएको छ भने नेपालको यस समस्या समाधनका सम्वन्धमा विश्व जनमत तयार गर्ने काम पनि संगसंगै गरेको छ । निकट भविष्यमै दरवानमा हुने जातीय विभेद विरुद्ध विश्व तेस्रो विश्व सम्मेलनसम्ममा यस प्रयासले अरु सकारात्मक वातावरण तयार गरेर जातिय विभेद विरुद्ध नेपालीहरुको आन्दोलनमा एउटा निर्णायक स्थिति श्रृजना गर्ने कुरामा पनि हामी विश्वस्त छौं । यस सन्दर्भमा समितिद्वारा हालसम्म सम्पन्न गरेका गतिविधि तथा भावी कार्यक्रमहरु यस प्रकार छन् :

- २७ जनवरी २००१ सुदुर पश्चिमाचंल क्षेत्रीय गोष्ठी - प्रतापपुर, कैलाली दश जिल्लाका प्रतिनिधिहरुको सहभागिता - राष्ट्रिय प्रतिवेदन तयारीका सम्वन्धमा छलफल
- २९ जनवरी २००१ मध्य पश्चिमाचंल क्षेत्रीय गोष्ठी - नेपालगंज, बांके
  आठ जिल्लाका प्रतिनिधिहरुको सहभागिता - राष्ट्रिय प्रतिवेदन तयारीका सम्वन्धमा छलफल
- २६ अप्रैल २००१ राष्ट्रिय कार्यशाल गोष्ठी - होटल आर्किड, काठमाडौं -माननीय न्याय कानून तथा संसदीय व्यवस्था मन्त्री महन्थ ठाकुर प्रमुख अतिथि तथा राष्ट्र संघीय गैरसरकारी संस्था लियाजों अफिसर डा. लोरी वाइजवर्ग तथा एसिया-प्रशान्त क्षेत्रीय गैर सरकारी संस्था फोर्मका संयोजक - निमाल्का फर्नान्डो
  पाँचै विकास क्षेत्रका प्रतिनिधिहरुको सहभागिता - राष्ट्रिय प्रतिवेदन तयारी
- १७-२१ फेव्रुअरी २००१ - एसिया-प्रशान्त क्षेत्रीय सम्मेलन, तेहरान, इरान

समितिको भूमिका - समितिद्वारा उठाइएका जातीय भेदभावका सवालहरु र खास गरी नेपालमा विद्यमान जातपातमा आधारित भेदभाव-छुवाछुतको सवाललाई श्री ५ को सरकारको तर्फबाट तयार गरिएको तात्कालिक सम्वोधनमा समाविष्ठ गराउन सफल, राज्यस्तरबाट नेपालले यस सम्वन्धमा विश्व जगतमा उठाएको यो पहिलो अवसर थियो

- १-४ मार्च २००१ दलित विश्व सम्मेलन- नयाँ दिल्ली, भारत
  समितिको भूमिका - नेपालका दलितहरुको स्थितिबारे कार्यपत्र प्रस्तुत
- ६-९ मार्च २००१ जातीय विभेद विरुद्ध अन्तरराष्ट्रिय सम्मेलन तयारी समिति, पहिलो छलफल -जेनेभा, स्वीटजरलैण्ड
  समितिको भूमिका - समितिद्वारा उठाउँदै आएका सवालहरुका सम्वन्धका सरकारी पक्षहरुबीच पहलकदमी गरिएको
- २७-२९अप्रैल २००१ एसिया-प्रसान्त क्षेत्रीय गैरसरकारी संस्था नेटवर्क मिटिङ्ग, - होटल हिमालय, ललितपुर (राष्ट्रिय तयारी समितिको विशेष पहलकदमिमा सम्पन्न)

प्रमुख अतिथि - डा. मोहम्मद मोसिन, अध्यक्ष राष्ट्रिय सभा , अतिथि राष्ट्र संघीय गैरसरकारी संस्था लियाजों अफिसर डा. लोरी वाइजवर्ग तथा एसिया प्रशान्त क्षेत्रीय गैर सरकारी संस्था फोर्मका संयोजक - निमाल्का फर्नान्डो - पच्चास भन्दा बढि मुलुकका गैरसरकारी संस्थाका प्रतिनिधिहरु तथा राष्ट्रिय तयारी समितिकासत्र जना पतिनिधहरुको सहभागिता समितिको भूमिका- राष्ट्रिय स्तरका जातीय भेदभावका सवालहरुलाई त्यस वैठकको कार्य सूचीमा समावेश गराउने तथा एसिया-प्रसान्त क्षेत्रीय गैरसरकारी संस्था नेटवर्क मिटिङ्गको काठमाडौं घोषणापत्रमा समाविष्ठ गराउने कार्य भएको

- २१ मे- १ जुन २००१ जातीय विभेद विरुद्ध अन्तरराष्ट्रिय सम्मेलन तयारी समितिको दोस्रो वैठक -जेनेभा, स्वीटजरलैण्ड समितिको भूमिका-

क. गैरसरकारी क्षेत्रको आयोजनामा तथ अन्तरराष्ट्रिय जातीय भेदभाव विरुद्ध आयोगका सदस्य गेय्म्याक डोगोल्डको अध्यक्षतामा सम्पन्न “विश्वलाई जातपात उन्मूलन्न गर्ने” विषयक छलफल कार्यक्रममा नेपालको तर्फबाट समितिका सचिव पद्मलाल विश्वकर्माका तर्फबाट नेपालमा दलितहरुको स्थितिबारे प्रस्तुती

ख. वेलायतको सरकारी प्रतिनिधि मण्डलद्वारा आयोजित तथा राष्ट्र संघीय मानवअधिकार आयोगका सह उच्च आयुक्त बी. रामचन्द्रनको सभापतित्वमा भएको विशेष छलफल कार्यक्रममा यस समितिका सदस्य महेन्द्र लावतीले गोरखा भूतपूर्व सैनिकहरु प्रति वेलायत सरकारको भेदभावको कुरा विश्व सम्मेलनका कार्यसूचीमा समावेश गराउन ध्यानाकर्षण गराउनु भयो

ग. जातीय विभेद विरुद्ध अन्तरराष्ट्रिय सम्मेलन तयारी समिति, आदिवासी जनजाती गैरसरकारी समूहमा नेपालको तर्फबाट सहभागी हुनु भएकी श्रीमती स्टेला तामाङ्गलाई गैरसरकारी अन्तरराष्ट्रि स्टेयरिङ्ग कमिटिमा सदस्यको रुपमा चयन गराउन यस समितिका तर्फबाट सदस्यद्वय पद्मरत्न तुलाधर तथा महेन्द्र लावतीबाट आवश्यक भूमिका निर्वाह गरेको । यसबाट सिङ्गो नेपालको मात्र नभइ एसिया क्षेत्रकै लागि एउटा अहंम जिम्मेवारी निर्वाह गर्ने अवसर प्राप्त गरेकोमा नेपालका सम्पूर्ण नागरिक समाजका लागि गर्वको विषय बनेको छ ।

घ. राष्ट्र संघीय मानवअधिकार आयोगका उच्च आयुक्त श्रीमती मेरि रविन्सनसंग एसियाली दलित समूहको प्रतिनिधि मण्डलमा यस समितिका सचिव पद्मलाल विश्वकर्मा सहभागी नेपालमा विद्यमान जातपात र छुवाछुतको समस्या सम्वन्धमा जानकारी गराइनुका साथै विश्व सम्मेलनद्वारा यस सवाललाई उठाउन नेपालको राष्ट्रिय समितिले यस मामिलामा तयार गरेको राष्ट्रिय प्रतिवेदन हस्तान्तरण गरियो । साथै उक्त प्रतिनिधि मण्डलले राष्ट्र संघका महासचिव कोफी अनान्नका नाउँमा तयार गरिएको ज्ञापनपत्र पनि बुझाइयो ।

विडम्वना, गैरसरकारी क्षेत्रबाट सबैखाले जातीय विभेद उन्मुलनका लागि यस प्रकारको निरन्तर प्रयास र दवाव श्रृजना गरिरहेको छ भने अर्को तिर खास गरेर जातपात तथा छुवाछुतका सम्वन्धमा वारवराडसद्वारा सरकारी स्तरबाटै पहिलो तयारी समितिको वैठकमा नै छलफलको कार्यसूचिमा समावेश गर्न प्रस्तावित गरिएको र तेहरानको क्षेत्रीय सम्मेलनमा नेपालको तर्फबाट श्री ५ को सरकारको सरकारी प्रतिनिधिको संवोधनमा पनि यस समस्या औपचारिक रुपमा चर्चा गरिएको भए पनि जेनेभामा भएको तयारी समितिको दोश्रो वैठकसम्म आइपुग्दा भारतको सरकारी प्रतिनिधिहरुको कडा विरोधका कारण हाल यस विषय छलफलको कार्यसूचीबाट हटाइएको छ भने यस्तोमा नेपालको सरकारी प्रतिनिध मण्डल पनि केवल मुकदर्शक बन्न पुगेको छ ।

आसन्न विश्व सम्मेलनद्वारा  आदिवासी, जनजाती, अल्पसंख्यक, आप्रवासी, चेलीवेटी वेचविखन आदि सवालहरुलाई मूल मुद्दाको रुपमा उठाइरहेको वेला मुलुक भित्र श्री ५ को सरकारले यसतर्फ हालसम्म पूर्ण उपेक्षाको नीति अवलम्वन गर्दै आउनु अत्यन्त दुःखको कुरा हो । यस अतिरिक्त नागरिक समाजको तर्फबाट राष्ट्र भित्र र अन्तरराष्ट्रिय  स्तरमासम्म यी सवालहरुलाई उठाएर  सरकारसंग आवश्यक सहयोगको अपेक्षराख्दा  आजसम्म देखाएको उदासिनता पनि त्यतिकै आलोच्य छ । यहाँसम्म कि यस विश्व सम्मेलनको तयारीका सन्दर्भमा सरकारद्वारा गठित राष्ट्रिय तयारी समितिमा समेत जातीय भेदभावका शिकारका सबै पक्षलाई नसमेटी एकपक्षीय बनाउँदै राष्ट्र संघीय मान्यता र मर्यादाकै  उल्लघन गर्ने कार्य गरेको छ भने उक्त समितिबाट हालसम्म विश्व सम्मेलनको राष्ट्रिय, क्षेत्रीय एवं अन्तरराष्ट्रिय  प्रकृयामा केही पनि भूमिका खेलेको नपाइएकोले यसको औचित्यतामा नै सार्वजनिक प्रश्न उठन थालेको छ । यसले वर्तमान सरकारको यस मुद्दा प्रतिको  के कति चासो रहेको छ भन्ने प्रष्ट गर्दछ तथा मुलुकमा मानवअधिकारको वहाली गर्दै न्याय, समानता र स्वतन्त्रताको  समाज प्रतिस्थापन गर्ने पक्षमा गम्भीर नभएको कुरा जाहेर गरेको छ । साथै मुलुकमा विद्यमान जातीय विभेदकारी सम्पूर्ण ऐन कानूनहरु खारेज गरेर विश्व समुदाय प्रति नेपालको प्रतिवद्धता प्रकट गर्नु पर्ने यस घडीमा श्री ५ को सरकारले सार्वजनिक सुरक्षा नियमावली - २०५८ जारी गरेर जात, जाती, धर्म, सम्प्रदायका सम्वन्धमा नागरिकहरुले स्वतन्त्ररुपमा आफ्नो अभिमत र आस्था प्रकट गर्न पाउने अधिकारलाई कुण्ठित गर्ने कुचेष्टा गरेकोमा यस समिति घोर भर्त्सना गर्दछ ।